जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ०८ पृष्ठः ४ | २०८३ बैशाख १३ आइतबार (Sunday 26 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## साढे तीन वर्षमा १७ हजारको आँखा जाँच र दुई हजार पाँच सयभन्दा बढीको शल्यक्रिया




**मणिलाल विश्वकर्मा**

लहान, १२ वैशाख। सिरहाको लहान नगरपालिकाको आर्थिक सहयोगमा पछिल्लो साढे तीन वर्षको अवधिमा नगर क्षेत्रका करिब १७ हजार जनाको आँखा जाँच र दुई हजार पाँच सय बढीको शल्यक्रिया गरिएको छ। लहान नगरपालिकाले लहानस्थित सगरमाथा चौधरी आँखा अस्पतालको समन्वयमा पछिल्लो साढे तीन वर्षको अवधिमा नगरका २४ वटै वडामा वार्षिक रुपमा कम्तिमा एक/एक पल्ट शिविर संचालन गरी मोतियाविन्दु भेटिएका दुई हजार पाँच सय बढी जनाको निःशुल्क शल्यक्रिया गरिएको नगर प्रमुख महेशप्रसाद चौधरीले जाकारी दिए।

लहान १७ गोविन्दपुर एकरतियास्थित मा.वि. झिरहरीमा शनिबार आयोजित आँखा शिविरको उद्घाटन गर्दै उनले आर्थिक अभावमा मोतियाविन्दु जस्तो आँखाको सामान्य रोगको उपचार गराउन नसकेर सास्ती झेलिरहेका नगरबासीका लागि नगरको सहयोगमा शिविर संचालनलाई निरन्तरता दिइएको बताए। 'घर परिवारको आर्थिक अवस्थाको कारणले अस्पतालसम्म पुगेर आँखा जाँच र शल्यक्रिया गराउन नसकेका ज्येष्ठ नागरिक, असहाय, बिपन्नहरुलाई लक्षित गरी नगरपालिकाको आर्थिक सहयोगमा शिविर चलाइएको हो' उनले भने 'मोतियाविन्दु भेटिएका बिरामीहरुलाई अस्पतालसम्म ल्याएर उपचारपछि घर फर्किन नगर बसको समेत सुविधा उपलब्ध गराएका छौं।' आफू निर्वाचित भएपछि आर्थिक वर्ष २०७९/०८० देखि करिब साढे तीन वर्षको अवधिमा नगरको २४ वटै वडामा दुई/ दुई पल्ट शिविर संचालन गरी १७ हजार जनाको आँखा जाँच र दुई हजार पाँच सय बढीको शल्यक्रिया गरिएको उनले बताए। 'त्यसमा करिब आठ हजार जनालाई निःशुल्क औषधि समेत वितरण गरिएको छ' उनले भने।

**हरेक वार्ड वार्डमा शिविर**

करिब साढे तीन वर्ष पहिले गाउँको शिविरमा आँखा जाँच गराउँदा मोतियाविन्दु भेटिएका स्थानीय ७१ वर्षीय भगनी मोचीले नगरपालिकाकै सहयोगमा शल्यक्रिया गराएको भएपनि आर्थिक अभावमा दायाँ आँखाको

–बाँकी तीन पेजमा

## प्रधानाध्यापकलाई दुर्व्यवहार गर्ने सांसद पोखरेलले मागे माफी

सिरहा, १२ बैशाख। ओखलढुङ्गाबाट निर्वाचित प्रतिनिधि सभा सदस्य विश्वराज पोखरेलले प्रधानाध्यापकलाई दुर्व्यवहार गरेको विषयमा आलोचना बढेपछि माफि मागेका छन्। चण्डेश्वरी माध्यमिक विद्यालयका प्रधानाध्यापक सन्तधहादुर मगरलाई दुर्व्यवहार गरेको विषयमा सर्वत्र आलोचना भएपछि सांसद पोखरेलले विज्ञप्ती निकालेर माफी मागेका हुन्। पोखरेलले शनिवार विज्ञप्ति जारी गर्दै संघीय संसदको बैठक स्थगित भएको समयमा आफ्नो निर्वाचन क्षेत्रका नागरिकसँग प्रत्यक्ष भेटघाट र समस्या बुझ्ने क्रममा वैशाख ९ गते खिजिदेम्बा गाउँपालिका २ स्थित चण्डेश्वरी माध्यमिक विद्यालयमा पुग्दा भएको विवादका विषयमा उनले स्पष्टीकरणसहित क्षमायाचना गरेका छन्।

सामाजिक सञ्जालमा सार्वजनिक भएको भिडिओले घटनाको पूर्ण सन्दर्भ नबुझाई केही अंश मात्र काटेर प्रस्तुत गरेको उल्लेख गरिएको उनको दाबी छ। उनले तथ्य र सन्दर्भ अपूर्ण रूपमा प्रस्तुत हुँदा विवाद सिर्जना भएकोमा खेदसमेत प्रकट गरेका छन्। यद्यपि, सार्वजनिक जीवनमा

–बाँकी तीन पेजमा

## चन्द्रनहर आसपासको जग्गा खाली गर्न सुकुमवासी पहिचान गरिने

सप्तकोशी नगरपालिकाको फत्तेपुरस्थित चन्द्र नहरको हेडबाँधमा सरोकारवालाहरूको बैठक बसेर अतिक्रमित जग्गा खाली गराउने तयारीबारे छलफल भएको हो।

सप्तरी, १२ वैशाख। सप्तरीको चन्द्रनहर क्षेत्रको अतिक्रमित जग्गा खाली गराउन कोशी पम्प चन्द्रनहर सिँचाइ व्यवस्थापन कार्यालयले तयारी अगाडि बढाएको छ। सप्तकोशी नगरपालिकाको फत्तेपुरस्थित चन्द्र नहरको हेडबाँधमा सरोकारवालाहरूको बैठक बसेर अतिक्रमित जग्गा खाली गराउने तयारीबारे छलफल भएको हो।



उक्त बैठकले पहिलो चरणमा चन्द्रनहरको डिलको क्षेत्र भित्र पर्ने पहिचान भएका १२६ घरटहरा भत्काउने भनेको छ। कोशी पम्प चन्द्रनहर सिँचाइ व्यवस्थापन कार्यालय राजविराजले गत चैत १६ गते सार्वजनिक सूचना जारी सात दिनभित्र जग्गा खाली आह्वान गरेको थियो। सो सूचनाअनुसार अतिक्रमण नहटेपछि कार्यालयले सरोकारवालासहितको बैठक बोलाएको हो।

कोशी पम्प चन्द्रनहर सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख इन्जिनियर वीरेन्द्र यादवले नहर क्षेत्रमा बसेकामध्ये वास्तविक सुकुमवासी पहिचान गर्ने र १५

–बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**स्वास्थ्यमा ध्यान दिऔं ।**

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायाम र हिँडडुल गरौं,
- शारीरिक क्रियाकलापमा सक्रिय बनौं,
- सरसफाइमा विशेष ध्यान दिऔं,
- बालबालिकालाई समयमै खोप लगाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं,
- धुमपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं,
- स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक स्रोतबाट लिऔं।
- स्वस्थ जीवनशैली अपनाऔं, स्वस्थ बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## सरकारको मानवीय संवेदनाको परीक्षा

नेपाल सरकारले काठमाडौंमा नदीका किनारका बस्तीहरू हटाउने अभियान फेरि थालेको छ। ती बस्तीका बासिन्दाले आफूहरूलाई सुकुमबासीका रूपमा चिनाउँदै आएका छन्। घरबार नभएकाहरूलाई उपयुक्त बन्दोबस्त नगरी उठीबास लगाउनु मानवीय संवेदनाका दृष्टिबाट उचित होइन। सरकारले भने छानबिन गरी बास्तविक सुकुमबासीको उचित व्यवस्थापन गरिने आश्वासन दिएको छ। आशा गरौं, सरकारले आफ्नो वचन बिर्सनेछैन।

यीमध्ये धेरैको अन्त कतै न कतै घरजग्गा हुनसक्छ। केही सार्वजनिक जमिन हड्नैका लागि सुकुमबासीको भेष धरेर प्रकट भएका मायावी पनि हुनसक्छन्। थोरैमात्र कतै पनि ओत र आश्रय नभएका साँच्चैका सुकुमबासी होलान्। सबैभन्दा पहिले सरकारले तिनको र तिनमा पनि मानवीय दृष्टिले प्राथमिकता पाउनुपर्ने बालबालिका, सुत्केरी, गर्भवती, अपाङ्गता भएका, ज्येष्ठ नागरिकलगायतको उचित हेरचाहको बन्दोबस्त गर्नुपर्छ। अहिले तिनको उठीबास सरकारले लगाएकाले पनि राज्य विशेष संवेदनशील हुनुपर्छ।

सरकारले अहिले ध्यान दिनुपर्नेमा समस्यामा उपत्यकाका सुकुमबासी बस्तीहरूको व्यवस्थापनमात्रै भने पक्कै होइन। सुकुमबासी बस्तीमा बस्ने तर अन्यत्र घरजग्गा भएकाहरूका समस्यामा पनि सरकार उत्तिकै गम्भीर हुनुपर्छ। उनीहरूमध्ये अधिकांश गुजारा चलाउने अवसर खोज्दै सहर पसेका हुन्। परिश्रम गरेर खान खोज्नेहरूलाई सरकारले हौसला र साथसहयोग दिनुपर्छ। कम्तीमा तिनले गुजाराकै लागि गलत बाटामा लाग्न नपरोस् !

त्यसो त अहिले संसारभर नै आर्थिक राजनीतिक हलचलका कारण गरिबहरू झन् गरिब र धनी झन् धनी हुने विसङ्गति बढ्दैगएको छ। विशेषगरी एसिया–प्रशान्त क्षेत्रमा देखिएको पछिल्लो संकटले ऊर्जा आपूर्तिमा अवरोध आउँदा यातायात, उत्पादन र रोजगारी एकैपटक प्रभावित हुँदारहेछन् भन्ने अझ स्पष्ट भएको छ।। नेपालजस्तो आयातमा निर्भर र विप्रेषणमा आधारित अर्थतन्त्रमा यसको चर्को मार पर्न सक्छ। वैदेशिक रोजगारी घट्दा त्यसको सीधा असर घरपरिवारको आयमा पर्छ। त्यस अवस्थामा उपभोग घट्छ र बजार सुस्ताउँछ।

यस्ता संकटलाई अर्थशास्त्रीहरू अङ्कमा हेर्ने गर्छन्। तर गरिबीको सबैभन्दा कठोर मार भने संख्यामा होइन मान्छेमा देखिन्छ। महँगी बढ्दा सबैभन्दा पहिले बालबालिका, ज्येष्ठनागरिक, गर्भवती र सुत्केरी महिला, तथा अपाङ्गता भएका व्यक्तिहरू प्रभावित हुन्छन्। पोषणयुक्त खाना महँगो हुँदा बालबालिकाको शारीरिक र मानसिक विकासमा असर पर्छ। औषधि र स्वास्थ्य सेवा पहुँचबाहिर जाँदा ज्येष्ठ नागरिक र दीर्घरोगीहरू जोखिममा पर्छन्। गर्भवती र सुत्केरी महिलाले आवश्यक पोषण र उपचार नपाउँदा मातृशिशु स्वास्थ्य संकट गहिरिन्छ। यिनका लागि महँगी आर्थिक समस्यामात्र नभएर जीवन र स्वास्थ्यको प्रश्न हो।

यस्तो अवस्थामा सरकारको भूमिका आर्थिक सूचकमा सुधार भएको देखाउनेमा सीमित रहनु हुँदैन। आफ्नो पालामा सबै राम्रो भएको देखाउने लोभमा सरकारी अधिकारीहरू प्रायः अङ्क गोलमाल गरेर पनि तथ्याङ्क राम्रो देखाउन खोज्छन्। वर्तमान सरकार अपवाद भइदिए हुन्थ्यो। त्यसो त सरकारको दृष्टि र प्राथमिकताको कसी यही सुकुमबासी बस्तीहरू उठाउने अभियान हुनेछ। उठाइएका सुकुमबासीहरूको व्यवस्थापन राम्ररी भयो र मानवीय पीडा कम भयो भने सरकार पहिलो परीक्षामा सफल ठहरिनेछ।

समग्रमा भने सरकारको ध्यान सामाजिक सुरक्षा सञ्जाल विस्तार, लक्षित वर्ग सहायता, खाद्य सुरक्षा कार्यक्रम र स्वास्थ्य सेवामा सहुलियतजस्ता महँगीको मारमा परेका गरिबको हित हुने कार्यक्रमलाई प्राथमिकता दिन केन्द्रित हुनुपर्छ। साथै बजार अनुगमन प्रभावकारी बनाएर कृत्रिम अभाव र मूल्यवृद्धि नियन्त्रण गर्नुपर्छ। कर छुट दिएर भए पनि मूल्य वृद्धि रोक्ने प्रयास हुनुपर्छ। यद्यपि, दीर्घकालीन रूपमा उत्पादन वृद्धि, कृषि आधुनिकीकरण र आन्तरिक रोजगारी सिर्जना नै स्थायी समाधान हो।

# भूकम्पको एक दशकः भत्किएका संरचना पुनर्निर्माणको प्रतीक्षामा

**प्रगति ढकाल**

बिर्सन खोज्दा पनि बिर्सन सकिँदैन वैशाख १२ लाई। हरेक वर्ष आउने वैशाख १२ नेपाली समाज एकैपटक अतीतमा फर्किन्छ। विसं २०७२ को भूकम्पको सम्झनाले एक पटक झस्काउँछ। भूकम्प भएको एक दशक बिते पनि घाउ निको भएको छैन। राजधानीका गल्ली–गल्लीमा, पहाडी गाउँका पाखा–पखेरामा, अझै भत्किएका आवास ठडिन सकेको छैन। जहाँ घरभन्दा धेरै सम्झनाहरू ढलेका थिए। दशक बित्दा पनि पुनर्निर्माणको पर्खाइमा नै छन् नेपालीहरू।

भूकम्पले भत्किएका निजी आवास, विद्यालय, पुरातात्विक भवन तथा विभिन्न सरकारी भवनहरूको पुनर्निर्माणकै क्रममा छन्। विसं २०७२ वैशाख १२ गते शनिबार बिहान ११:५६ बजे गोरखाको बारपाक केन्द्रविन्दु भएको ७.६ रेक्टर स्केलको भूकम्प जाँदा आठ हजार ९७९ जनाले ज्यान गुमाएका थिए। उक्त भूकम्पमा परी २२ हजार ३०९ घाइते भएका थिए। भूकम्पले करिब १० लाख निजी आवास, सात हजार ५५३ विद्यालय, ४९ हजार ६८१ कक्षाकोठा, ५४४ स्वास्थ्य संस्थामा पूर्ण क्षति, ६५३ स्वास्थ्य संस्थामा आंशिक क्षति भएको थियो।

यसैगरी ४१५ सरकारी भवन, विश्व सम्पदा क्षेत्रका १७० सम्पदासहित ९२० सांस्कृतिक सम्पदा र सुरक्षा निकायका ३८३ भवनमा क्षति पुगेको थियो। तीन हजार २१२ खानेपानी संरचना, ५३ सडक र २९९ मानव बस्तीमा क्षति पुगेको थियो। सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतको कार्यान्वयन एकाइ (भवन तथा आवास) तथा त्यसअन्तर्गतका निकायहरूबाट सम्पादन भएका आयोजनाहरूको विवरण सार्वजनिकसमेत गरेको छ। एकाइका इन्जिनियर किशोरविक्रम शाहीका अनुसार निजी आवास पुनर्निमाणतर्फ आठ लाख ३५ हजार १८५ लाभग्राही पहिचान भएकोमा आठ लाख ३४ हजार २६७ ले पहिलो किस्ता प्राप्त गरेका छन्।

पहिलो किस्ता प्राप्त गर्नेमध्ये सात लाख ७० हजार ७७४ ( ९२.४%) ले दोस्रो किस्ता र सात लाख ४४ हजार ४५ (८९.२%) ले तेस्रो किस्ताबापतको अनुदान रकम प्राप्त गरेको उहाँको भनाइ छ। एकाइले यस वर्षसम्म ९९ प्रतिशत काम सम्पन्न गर्ने लक्ष्य राखे पनि करिब ८९ प्रतिशत मात्रै पुनर्निर्माणको कार्य सकिएको छ। एकाइले निजी आवास पुनर्निर्माणअन्तर्गत भुक्तानी प्रक्रिया पूर्ण रूपमा अगाडि बढाउन नसक्नुका कारणबारे पनि स्पष्ट पारेको छ। एकाइ प्रमुख झप्परसिंह विश्वकर्माका अनुसार प्रारम्भिक चरणमा पहिचान भएका सबै लाभग्राहीले तोकिएको समयभित्र सम्बन्धित सरकारी निकायमा निवेदन नदिँदा भुक्तानी प्रक्रिया अधुरो रहन पुगेको बताउनुभयो।

“विसं २०७९ असार मसान्तसम्म हाम्रा कार्यालयमा निजी आवास निर्माण सम्पन्न गरेको भन्दै निवेदन दिने लाभग्राहीलाई भुक्तानी गरिएको छ”, उहाँले भन्नुभयो, “यसरी तोकिएको अवधिभित्र रीतपूर्वक निवेदन दिने सेवाग्राहीको हकमा कुनै समस्या आएन। तर केही लाभग्राही सो अवधिसम्म पनि जिल्ला कार्यालयमा सम्पर्कमा नआएकाले सबैलाई समेटेर भुक्तानी गर्न सकिएको छैन।”

विश्वकर्माका अनुसार सुरुमा दर्ता भएका कतिपय लाभग्राही अझैसम्म सम्पर्कमा नआउँदा उनीहरूको भुक्तानी प्रक्रिया अघि बढ्न नसकेको हो। साथै, एकीकृत बस्ती निर्माण गर्ने योजनाअन्तर्गत केही स्थानमा जग्गा प्राप्तिमा देखिएको समस्याले पनि पुनर्निर्माण कार्य ढिला भएको विश्वकर्माले बताउनुभयो। सरकारले पुनर्निर्माणलाई तीव्रता दिने प्रयास गरे पनि प्रशासनिक प्रक्रिया, लाभग्राहीको सहभागिता र जग्गा व्यवस्थापनजस्ता चुनौतीका कारण कार्यान्वयनमा ढिलाइ भइरहेको देखिएको छ।

सरकारले भूकम्पपछिको पुनर्निर्माणलाई प्राथमिकतामा राखे पनि कार्यान्वयन तहमा देखिएका यस्ता चुनौतीका कारण अझै निजी आवास निर्माण कार्य सम्पन्न हुन बाँकी रहेको एकाइले जनाएको छ। सरकारले उपलब्ध गराएको रु तीन लाख अनुदानले निजी आवास निर्माणको काम सम्पन्न नहुने र थप लगानीका लागि क्षमता नहुने सर्वसाधारणले ढिलो निर्माण कार्य थालनी गरेकोले पनि समय लागेको एकाइले जनाएको छ।

एकाइका अनुसार विभिन्न जिल्लाहरूमा भूकम्पपश्चात् आंशिक क्षति भई मर्मत गरिएका सरकारी भवन सङ्ख्या २५३ रहेका छन्। विभिन्न जिल्लाहरूमा भूकम्पपश्चात् सरकारी कार्यालयहरू सञ्चालन गर्नको लागि निर्माण भएका नमूना सङ्ख्या २८८ भने रहेका छन्। विभिन्न १० जिल्लाहरू भूकम्पपश्चात् अस्थायी रुपले बसोबास गर्नको लागि बनाइएको सामुदायिक भवनको सङ्ख्या ७५६ परिवारका लागि निर्माण गरिएकोमा ५० वटा (हात विभिन्न उद्देश्यका लागि प्रयोग भइरहेको) एकाइले जनाएको छ।

सरकार तथा एसियाली विकास बैंकको सहयोगमा सम्पन्न सरकारी भवनहरूको सङ्ख्या १५१ रहेको छन्। भवन प्रवलीकरणतर्फ कूल ११ वटा राणाकालीन भवनमा आठ वटा सम्पन्न तीन वटाको प्रवलीकरण कार्य भइरहेको छ। भारतको सहयोगमा संरक्षण तथा पुनर्निर्माण भइरहेका पुरातात्विक सम्पदा आयोजना सङ्ख्या २८ छ।

यसैगरी, निर्माणाधीन आयोजना १२ वटा छन्भने एकीकृत बस्ती विकासतर्फ विभिन्न जिल्लामा ९७ वटा आयोजना सम्पन्न भइसकेका छन्। भूकम्पपछि एक हजार १२६ वटा स्वास्थ्य भवन निर्माण भएका छन्। महालेखापरीक्षकको ६२ औँ वार्षिक प्रतिवेदनले भूकम्पबाट क्षतिग्रस्त संरचनाको दिगो र योजनाबद्ध निर्माण सम्पन्न गरी विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरणको लागि २०७२ सालको भूकम्पबाट अति प्रभावित १४ र कम प्रभावित १७ समेत ३१ जिल्ला आयोजनाका कार्यक्षेत्र थिए।

प्रतिवेदनमा भूकम्पका कारण क्षतिग्रस्त संरचनाको दिगो र योजनाबद्ध निर्माण, विस्थापित भएकाहरूको पुनर्वास तथा स्थानान्तरणको काम प्रभावकारी रूपमा नभएको औँल्याइएको छ। प्रतिवेदनमा भनिएको छ, “निजी आवास पुनर्निर्माणतर्फ आठ लाख ३४ हजार ८२१ जनासँग सम्झौता भएकोमा रु दुई खर्ब ३१ अर्ब ६१ करोड र प्रवलीकरणतर्फ ३३ हजार ९०५ जनासँग सम्झौता भएकोमा रु एक अर्ब ७४ करोड ३१ लाखसमेत रु दुई खर्ब ३३ अर्ब ३५ करोड खर्च गरेको छ।”

विसं २०८१ असार मसान्तसम्म पुनर्निर्माणतर्फ प्रथम किस्ता ५५८, दोस्रो किस्ता ३७५, तेस्रो किस्ता एक हजार ५४८ लाभग्राही र प्रवलीकरणतर्फ दोस्रो तथा अन्तिम किस्ता १ हजार ७२ लाभग्राहीलाई रु २९ करोड २५ लाख रकम भुक्तानी गर्न बाँकी रहेको भन्दै प्रतिवेदनले अनुदान सम्झौतापछि पहिलो, दोस्रो तथा अन्तिम किस्ता नलिएका लाभग्राहीको अनुगमन गरी अनुदान रकमको सदुपयोग भएको सुनिश्चितता हुनुपर्ने सुझाव दिएको छ।

भूकम्पपछिको पुनर्निर्माणमा नीतिगत अन्योल, निर्माण व्यवसायीको भूमिका र लाभग्राहीको आर्थिक क्षमतासमेत प्रमुख अवरोध बनेको पूर्वाधार क्षेत्रका जानकार बताउँछन्। यस क्षेत्रका जानकार गजेन्द्र थपलियाले “पुनर्निर्माण गर्ने कि पुनःनिर्माण गर्ने” भन्ने नीतिगत स्पष्टताको अभावका कारण सुरुदेखि नै कार्यान्वयनमा अन्योल देखिएको र जसले समग्र प्रक्रिया प्रभावित बनाएको बताउनुभयो। “कतिपयले किस्ताबापत रकम लिएर पनि निर्माण कार्य अघि बढाएनन्, समयमै रकम लिन नआउने प्रवृत्तिले समेत समस्या थपिएको छ”, उहाँले भन्नुभयो।

उहाँले निर्माण लागत महँगो हुँदै जानु र धेरै लाभग्राहीको आर्थिक क्षमता कमजोर हुनु पनि पुनर्निर्माण ढिलाइको अर्को मुख्य कारण भएको बताउनुभयो। “सरकारले दिएको अनुदान मात्रै पर्याप्त नहुँदा धेरैले समयमै निर्माण सुरु गर्न सकेनन्”, उहाँले भन्नुभयो। भूकम्पपछिको पुनर्निर्माणका लागि रकम जुटाउन आयोजित दाता सम्मेलनमा रु चार खर्बभन्दा बढीको घोषणा भए पनि घोषणाअनुरुप सहयोग प्राप्त भएन। गोरखा भूकम्पबाट ओखलढुङ्गा, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सिन्धुली, भक्तपुर, ललितपुर, काठमाडौँ, रसुवा, नुवाकोट, धादिङ, गोरखा र मकवानपुर गरी १४ जिल्लामा धेरै क्षति भएको थियो।

**भूकम्पीय जोखिम कायमैः**

विसं ०७२ को भूकम्पले धेरै पाठ सिकाए पनि नेपाल अझै भूकम्पीय जोखिमबाट मुक्त हुन नसकेको विज्ञहरूले बताएका छन्। खानी तथा भू–गर्भ विभागअन्तर्गत राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका प्रमुख डा लोकविजय अधिकारीका अनुसार भूकम्पपछिको दशकमा केही सुधार भए पनि पूर्वतयारी र जनचेतनामा अझै कमी रहेको छ। “२०७२ सालको भूकम्पले हामीलाई के गर्ने, के नगर्ने, कसरी सुरक्षित रहने भन्ने धेरै कुरा सिकायो”, उहाँले भन्नुभयो, “तर त्यत्रो मानवीय क्षति हुँदासमेत हामी फेरि बिर्सने अवस्थामा पुग्छौँ कि भन्ने चिन्ता छ।”

मुलुकमा भूकम्पको जोखिम छ। विशेषगरी काठमाडौँदेखि चुरे क्षेत्रसम्म भूकम्पीय जोखिम उच्च रहेको उहाँले बताउनुभयो। भूकम्पपछि भवन निर्माण आचारसंहिता कार्यान्वयनमा आएको, संरचना बलियो बनाउन चेतना बढेको र केही स्थानमा सुधार देखिए पनि अझै पूर्ण रूपमा मापदण्ड पालना भएको छैन। “सरकारी भवनमा मापदण्ड लागू भए पनि निजी तथा स्थानीय तहमा कार्यान्वयन अझै पूर्ण छैन”, उहाँले भन्नुभयो, “जनतामा चेतना बढेको छ तर त्यो पर्याप्त छैन।”

डा अधिकारीले भूकम्पीय जोखिमबारे जनचेतना सीमित दिनहरूमा मात्र केन्द्रित हुने प्रवृत्तिप्रति पनि चिन्ता व्यक्त गर्नुभयो। “हामी वैशाख १२ जस्ता दिनमा मात्र सम्झिन्छौँ, तर जोखिम त सधैँ हुन्छ”, उहाँले भन्नुभयो। अधिकारीका अनुसार पाठ्यक्रममा भूकम्पीय शिक्षा समावेश नहुनु, नियमित अभ्यासको अभाव र पूर्वतयारीका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन नहुनु मुख्य कमजोरी हुन्। “भूकम्प अहिले नआउनु जोखिम घटेको होइन, बरु सधैँ जोखिम रहेको सङ्केत हो”, उहाँले भन्नुभयो।

उहाँले पूर्वतयारी, भूकम्पीय शिक्षा, खुला स्थानको संरक्षण र भूकम्प प्रतिरोधी संरचना निर्माणमा जोड दिनुपर्ने बताउनुभयो। “हामीले धेरै कुरा सिक्यौँ, तर अझै सिक्न बाँकी छ”, उहाँले भन्नुभयो, “पूर्वतयारीलाई प्राथमिकता नदिए भविष्यमा जोखिम झन बढ्न सक्छ।” उहाँ २०७२ पछि भूकम्पसम्बन्धी अध्ययन तथा अनुसन्धानमा केही प्रगति हुनु सकारात्मक ठान्नुहुन्छ।

# राजमार्गमा सवारी कर नउठाउन आदेश

वीरगञ्ज, १२ वैशाख। उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जले पर्साको राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग र हुलाकी राजमार्गमा चाल्ने सवारीसाधनबाट कर नउठाउन आदेश जारी गरेको छ। उच्च अदालत जनकपुर अस्थायी इजलाश वीरगञ्जका न्यायाधीसद्वय अर्जुन अधिकारी र दुर्गाप्रसाद ढुङ्गेलको शुक्रबारको इजलाशले सर्वोच्च अदालतको उत्प्रेषणको रिट निवेदनमा विसं २०८२ फागुन २८ मा विपक्षी वीरगञ्ज महानगरपालिकासमेतका नाममा अन्तरिम आदेश जारी भइसकेको सन्दर्भमा राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग तथा हुलाकी राजमार्गम चल्ने सवारी साधनबाट कर उठाउन बाहेक वीरगञ्ज महानगर मातहत पर्ने सडकमा भने उठाउन सक्ने आदेश जारी गरेको छ।

"विसं २०८२ साउन ३० गतेको सम्झौताको शर्त बन्देजको अधिनमा रही कर सङ्कलन गर्न निवेदकलाई कुनै प्रकारको अवरोध नगर्नु/नगराउनू भनी यसै अदालतबाट २०८३ वैशाख ४ मा जारी भएको अन्तरिम आदेशलाई सो हदसम्म संशोधन गरी निरन्तता प्रदान गरी दिएको उल्लेख गरिएको छ।" अदालतको आदेशमा भनिएको छ।

प्रभु कन्स्ट्रक्सनले वीरगञ्ज महानगरको राजमार्ग तथा सहायक राजमार्गमा ठेक्का सम्झौता गरेर सवारी व्यवस्थापन कर उठाउँदै आइरहेको थियो। पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधिसभाका सांसद बुद्धिप्रसाद पन्त (हरि)ले उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जको निषेधाज्ञा आदेशले राजमार्ग,सहायक राजमार्ग र हुलाकी राजमार्गमा स्थानीय तहले बोलपत्र आब्हान गरेर सवारी कर तथा कवाडी कर सङ्कलन गर्न नपाउने आदेश जारी गरेकोमा खुसी व्यक्त गर्नुभयो। "मालवाहक सवारीसाधनसँग अवैध ढङ्गले ढाँट राखेर कर उठाइदैँ आइरहेको थियो," उहाँले भन्नुभयो, "अदालतको आदेशसँगै सो रोकिने आशा गरेका छौं।"

## सहारा नेपालद्वारा वित्तीय साक्षरता सम्बन्धि प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न

**रंजिता सिंह**

लहान, १२ बैशाख। सहारा नेपालद्वारा सिरहाको लहानमा आयोजना गरेको पाँच दिने वित्तीय साक्षरता सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम बिहिवार सम्पन्न भएको छ। JOA को आर्थिक सहयोग तथा ह्याबिट्याट नेपालसंगको साझेदारीमा सहारा नेपालद्वारा कोशी र मधेश प्रदेशमा संचालित होम्स नेपाल परियोजना अन्तर्गत सामुदायिक सहजकर्ताहरुका लागि बैशाख ६ गतेदेखि १० गतेसम्म संचालन गरिएको सो तालिममा धनुषा, सिरहा, सप्तरी, उदयपुर र सुनसरी जिल्लाका गरि १७ वटा स्थानीय तहबाट २१ जना सामुदायिक सहजकर्ता र परियोजनाका कर्मचारीहरुको सहभागिता रहेको सहारा नेपालका अनुगमन, मूल्यांकन, जवाफदेहिता र सिकाई अधिकृत धर्मानन्द ठाकुरले जानकारी दिनुभयो।

वित्तीय साक्षरता तथा सुरक्षित आवास सम्बन्धि तालिम सहजीकरण गर्नका लागि स्थानीय स्तरमा नै दक्ष प्रशिक्षक उत्पादन गर्नु, हेबिटयाट नेपालको कार्यक्रम लागु भएका क्षेत्रका सेवाग्राही र विपन्न परिवारमा वित्तीय साक्षरता तथा सुरक्षित आवास समबन्धि ज्ञान र सिप पुर्याउनु, स्थानीय सहजकर्ताको माध्यमबाट विपन्न समुदायको वित्तीय ब्यबहारमा परिवर्तन ल्याउन सहयोग पुर्याउन, तालिमको माध्यमबाट वित्तीय साक्षरताको ज्ञान र सीपलाई ब्यबहारमा लागु गरि आर्थिक सम्पन्नता हासिल गर्न समुदायलाई उत्प्रेरित गर्न, सुरक्षित घर निर्माण गर्नका लागि आवश्यक मार्गदर्शन गर्ने सूचनाहरु समुदायमा पुर्याउने जस्ता बिषयमा सामुदायिक सहजकर्ताहरुमा सहजीकरण गर्ने सिपको विकास गराउने उदेश्यले संचालन गरिएको सो तालिममा सहारा नेपालका होम्स परियोजना ब्यबस्थापक किशन गौतम, हेबिटयाट नेपालको कार्यक्रम संयोजक माधव चौरेल र अनुग्या मिश्रले सहजिकरण गर्नुभएको थियो। तालिमका क्रममा वित्तीय साक्षरताको आधारभूत अवधारणा, आवश्यकता र चाहनाबीचको अन्तर, पारिवारिक आर्थिक योजना तथा लक्ष्य निर्धारण, आम्दानी–खर्च विश्लेषण र बजेट निर्माणजस्ता महत्वपूर्ण विषयहरू समेटिएका थिए। सहभागीहरूले दैनिक खर्च अभिलेखीकरण, बचत गर्ने तरिका, ब्याज गणना तथा ऋण व्यवस्थापनका व्यवहारिक पक्षहरूमा पनि अभ्यास गरेका थिए।

यस्तै जोखिम व्यवस्थापन, बीमा, सुरक्षित आवास व्यवस्थापन तथा गुनासो व्यवस्थापन प्रणाली जस्ता विषयहरूमा गहिरो छलफल भएको थियो। सहभागीहरूलाई सहजिकरण गर्ने व्यवहारिक सीप अभिवृद्धि गराउने उद्देश्यले सुक्ष्म शिक्षण अभ्यास गराइएको थियो, जसमा सहभागीहरूले विभिन्न विषयमा प्रस्तुति दिएका थिए। सहारा नेपालका कार्यसमिति सदस्य ध्यान बहादुर भारतीको अध्यक्षता तथा कार्यसमिति सदस्य फणिन्द्र भण्डारीको विशेष आतिथ्यतामा भएको तालिममको समापन समारोहमा सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो। प्रशिक्षक तथा सहभागीहरूले तालिम उपयोगी, व्यवहारिक र समुदायस्तरमा प्रभावकारी हुने विश्वास व्यक्त गरेका छन्।

सहारा नेपालका होम्स नेपाल परियोजनाका सिराहा जिल्ला अधिकृत रामभरोसी महतोका अनुसार, यस प्रकारका तालिमले समुदायमा वित्तीय सचेतना अभिवृद्धि गर्दै दिगो आर्थिक व्यवस्थापनतर्फ महत्वपूर्ण योगदान पुर्याउने अपेक्षा गरिएको छ।

# मिथिलामा जानकी नवमीको उल्लास



महोत्तरी, १२ वैशाख। विभिन्न चाडपर्व र सांस्कृतिक उत्सवको वैभव मानिने मधेसको महोत्तरीसहितका प्राचीन मिथिलाक्षेत्रमा आज जानकी नवमीको उल्लास छ। वैशाख शुक्ल नवमी तिथि आज परेकाले यस क्षेत्रमा जानकी नवमी पर्व धार्मिक अनुष्ठानबीच मनाइँदै छ। चन्द्रमासको वैशाख शुक्ल नवमी तिथिका दिन आदर्श नारी सीताको जन्म भएको विश्वासमा मिथिला क्षेत्रमा यो पर्व विशेष उल्लासको मानिन्छ। जानकी नवमी वा जानकी प्रकाट्य दिवस भनिने यो पर्वको रमझम मिथिलामा वैशाख शुक्लपक्ष सुरु हुनासाथै प्रारम्भ हुन्छ।

सीता खासमा मिथिलाकै छोरी भएकी हुँदा यहाँ जानकी नवमी विशिष्ट पर्व बनेको मटिहानीस्थित लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा रवीन्द्रदास वैष्णवले बताउनुभयो। उहाँका अनुसार मुलुककै राष्ट्रिय विभूति सीतालाई जानकी, वैदेही, जनकनन्दिनी, मिथिला, जनकदुलारी, रामिणी र किशोरीजीसहित कैयौँ नाउँले पुकारिन्छ।

सीता आदिशक्ति देवी लक्ष्मीकी अवतार मानिने हिन्दू मान्यता र परम्पराले यस क्षेत्रमा व्रत, रामायण कथा र सांस्कृतिक झाँकीका बीच उत्सव मनाउने परम्परा रहिआएको लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा वैष्णवले उल्लेख गर्नुभयो। मिथिलाका धार्मिक मठ, मन्दिरमा यो पर्व वैशाख शुक्लपक्ष सुरु भएसँगै नौ दिनसम्म विभिन्न विधिबीच मनाइन्छ। वैशाख शुक्लपक्ष प्रारम्भसँगै सुरु भएको यस पर्वको विधिवत् समापन आज गरिँदैछ।

जानकी नवमी पर्व सम्पूर्ण हिन्दू समुदाय, नेपालीहरूका लागि उत्तिकै महत्वपूर्ण भए पनि सीता प्राचीन मिथिलाकी छोरी भएकी हुँदा यहाँका बासिन्दामा यस पर्वको भावात्मक सम्बन्ध रहेको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (संस्कृत क्याम्पस) का प्राचार्य हेमनारायण कर्णले बताउनुभयो। पर्वका अवसरमा प्राचीन मिथिलाका सबैजसो मठमन्दिरमा विशेष भजन, कीर्तन र सत्सङ्ग आयोजन हुँदै आएका छन्। त्यसैगरी, सीताजी प्रकट हुनुभएको पौराणिक कथाका आधारमा यी विषय समेटिएको भावका मङ्गलगान अहिले जताततै गुञ्जी रहेका छन्। पर्वका अवसरमा प्राचीन मिथिला अर्थात् विदेह राज्यको राजधानी मानिने जनकपुरधामका सबै मठमन्दिरमा जानकी नवमी पर्व उल्लासमय वातावरणमा मनाइँदै छ।

यसैगरी, मटिहानीस्थित लक्ष्मीनारायण मठ, लक्ष्मीनारायण मन्दिर, जलेश्वरको ब्रह्मचारीकुटीस्थित रामजानकी मन्दिर, बर्दिबासस्थित रामजानकी मन्दिर र जिल्लाका सबैजसो मठमन्दिरमा जानकी नवमी पर्वका अवसरमा विशेष धार्मिक अनुष्ठान वैशाख शुक्लपक्ष सुरु भएसँगै हुँदै आएका छन्। पर्वका अवसरमा सीता जन्म कथा, सीता स्वयम्वर, रामलीला र रासलीलासहितका कार्यक्रम मञ्चन हुँदै आएका छन्। पर्वमा वैशाख शुक्लपक्ष प्रारम्भसँगै प्रत्येक साँझ राजा जनकलाई पुत्रीलाभको बधाई कार्यक्रम आयोजन हुँदैछन्। आजसाँझ मिथिलाक्षेत्रमा सन्ध्या दीपावली गरिने भएकाले सोहीअनुसार तयारी भइरहेको याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठका प्राचार्य कर्णले जानकारी दिनुभयो।

"अघि त्रेतायुगमा तत्कालीन मिथिला राज्यमा अकाल पर्दा विद्वानहरूको सभाले राजा शिरध्वज जनकले सुनको हलोले राज्यका विभिन्न भेगमा जोते पानी पर्ने बताएपछि राजाले हलो जोत्ने क्रममा घडासहित सीताजी हलोको टुँडोले उफ्किएको सियोमा प्रकट हुनुभएको विश्वास गरिन्छ", उहाँले भन्नुभयो। सानैदेखि आफ्ना विशिष्ट गुणले आदर्श नारीको पहिचान बनाएकी सीताले विवाहपछि पनि बुहारी भएर गएकी अवधमा मिथिलाको महिमा बढाएकी रामायणसहितका पौराणिक ग्रन्थमा वर्णित छ।

जानकी नवमी पर्वका अवसरमा व्रत बस्ने परम्परा छ। यो व्रत एक अहोरात्र बसेर भोलिपल्ट साङ्गता गरिन्छ। पर्वका अवसरमा मधेस प्रदेश सरकारले पछिल्ला केही वर्षयता वैशाख शुक्ल नवमीका दिन सार्वजनिक बिदा दिँदै आएको छ। यसपालि भने पर्व साप्ताहिक बिदाकै दिन शनिबार परेको छ।

### साढे तीन ...

जाँच गराउन नसकेको सुनाए। 'दायाँ आँखाको जाँच गराउन शिविर नै पर्खिनु पर्यो' उनले भने 'मजदूरी गरेर हातमुख जोड्ने परिवारका लागि नगरपालिकाको सहयोगले ठूलो राहत भएको छ।'

आर्थिक अभावले आँखाको उपचार गराउन नपाएर अन्धोपनको समस्यासँग जुधिरहेका नगर क्षेत्रका बिपन्न, असहाय र ज्येष्ठ नागरिकलाई लक्षित गरी लहान नगरपालिकाले वार्षिक नीति तथा कार्यक्रममै राखेर लहानस्थित सगरमाथा चौधरी आँखा अस्पतालको सहकार्यमा वडा तहमा आँखा शिविर संचालन गर्दै आएको छ। नगरपालिकाले शिविरमा आँखा जाँच गराएकामध्ये मोतियाविन्दु भेटिएका बिरामीको थप जाँच, शल्यक्रियासहित निःशुल्क औषधि, चस्मा वितरण गरिरहेको जनाएको छ।

पछिल्लो पटक लहान १३ मा संचालित शिविरमा आँखा जाँच गराएका दुई सय २० जनामध्ये मोतियाविन्दु भेटिएका ६१ जनाको वैसाखको पहिलो साता शल्यक्रिया गरिएको अस्पतालले जनाएको छ। आँखा अस्पतालका शिविर संयोजक राजकुमार यादवका अनुसार गाउँमा संचालित शिविरमा मोतियाविन्दुको पहिचान भएका बिरामीलाई अस्पतालसम्म ल्याउन र उपचारपछि पुनः गाउँमा पुर्याउने सुविधा उपलब्ध गराइएको छ।

'मोतियाविन्दुका बिरामीलाई अस्पताल ल्याएर थप उपचारपछि शल्यक्रियासहित निःशुल्क चस्मा र औषधि समेत दिँदै आएको छौं' उनले भने 'गरिब, बिपन्न र असहाय बिरामीलाई पाँचदेखि १० हजार रुपैयाँसम्म लाग्ने शल्यक्रिया खर्च नगरपालिकाले व्यवस्थापन गरिरहेकाले अन्धोपन निवारणमा ठूलो यागदान पुर्याएको छ।' नगरपालिकाले अस्पतालसँग सम्झौता गरी हरेक वर्ष नगरको २४ वटा वडा क्षेत्रका कम्तिमा एक हजार जनाको आँखा जाँच गर्ने गरी आँखा जाँच शिविर अभियान संचालन गर्दै आएको छ।

### प्रधानाध्यापकलाई ...

रहँदा आफ्नो बोली, व्यवहार र संयम अझ उच्च स्तरको हुनुपर्ने कुरा स्वीकार गर्दै उनले परिस्थितिजन्य दबाबका बाबजुद आफूले थप धैर्य र मर्यादा राख्नुपर्ने बताएका छन्।

'यस घटनाका कारण पार्टी, शुभेच्छुक, समर्थक, विद्यालय परिवार, स्थानीय समुदाय तथा आम जनसमुदायलाई ठेस पुगेकोमा म विनम्रतापूर्वक क्षमा चाहन्छु,' पोखरेलले भनेका छन्।

### चन्द्रनहर आसपासको ...

दिनभित्र उपयुक्त जग्गा छनौट गर्ने जिम्मा सप्तकोशी नगरपालिकालाई दिइएको छ। बैठकमा सप्तरी–१ का प्रतिनिधिसभा सदस्य पुष्पा चौधरी, प्रमुख जिल्ला अधिकारी टुवराज पोखेल, सप्तकोशी नगरपालिका मेयर कृष्ण ढकाल, चन्द्रनहर सिँचाइ प्रणाली जल उपभोक्ता समितिका अध्यक्ष बद्रीनारायण यादवलगायतको उपस्थिति थियो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# सर्लाहीको सतिबिहुँला धार्मिक क्षेत्र ओझेलमा



**अनिल मिश्र**

धनुषा, १२ वैशाख। सर्लाहीमा पुरातात्त्विक महत्वको देवी सतीस्थल छ। सती बिहुलाको नामले प्रख्यात रहेको यो क्षेत्रमा नेपाल र भारतका विभिन्न स्थानबाट श्रद्धालुहरू पूजाअर्चनाका लागि आउने गरेका छन्। धार्मिक पर्यटकीय स्थलको रूपमा विकास गर्न सकिने धेरै सम्भावना भए पनि सरकारी बेवास्ताले यो क्षेत्रको पूर्वाधार विकासमा कामै हुनसकेको छैन।

सर्लाहीको पर्सा गाउँपालिका संग्रामपुरमा रहेको यो सती बिहुला स्थान हो। यहाँको वातावरण नेपाली, मैथिली, बज्जीका र भोजपुरी संस्कृतिको मिश्रण देख्न पाइन्छ सती बिहुला स्थान हिन्दु लोक परम्परामा सती प्रथा र त्यससँग सम्बन्धित देवी–देवता र धार्मिक विश्वासको प्रतीक मानिन्छ यो सती स्थलमा विशेषगरी विवाह, उत्सव, अनुष्ठान लगायत इच्छापूर्तिका लागि पुजा दर्शन गर्न आउने श्रद्धालुको घुइँचो लाग्ने गरेको छ यहाँ विशेष गरी साउन, भदौ अष्टमी, अमावस्या जस्ता पवित्र दिनमा पूजा, अर्चना र मेला आयोजन हुन्छ प्रत्येक तीन वर्षमा हुने विशेष मासमा लगातार एक महिना भव्य मेला आयोजन हुन्छ।

ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्त्विक महत्वको यो स्थान मधेश प्रदेशको राजधानी जनकपुरधामदेखि ५० किलोमिटर पश्चिम र सर्लाहीको सदरमुकाम मलंगवा देखि १० किलोमिटर पूर्व हुलाकी राजमार्गको छेउमा छ सती बिहुला स्थान नेपाली र भारतीय श्रद्धालुका लागि तीर्थस्थलको रुपमा स्थापित छ तर, यस स्थानको महिमा र आस्था अनुसार उचित विकास र संरक्षण भने हुन सकेको छैन।

सती बिहुला र बाला लखिन्दरको गाथासँग सम्बन्धी लोककथाको अंश हो, जुन भारतीय सीमावर्ती जिल्ला र मिथिला मधेशमा निकै चर्चा हुन्छ सती बिहुलाको कथा महिला शक्ति, साहस र पतिव्रता–परम्पराको प्रतीकको रुपमा मानिन्छ यसलाई नाच, नाटक, लोकगीत र भजनमार्फत पनि बारम्बार दोहोर्याइन्छ। मधेश प्रदेश सरकारले सती बिहुला र बाला लखिन्दरको लोक गाथासँग जोडिएका विषयलाई सरल रुपमा बुझाउन प्रतिकात्मक स्वरुपहरु पनि निर्माण गरिदिएको छ।

# दुई फर्मलाई जरिवाना

काठमाडौँ, १२ वैशाख। वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले स्थलगत अनुगमनको क्रममा कैफियत देखिएपछि दुई फर्मलाई जरिवाना गरेको छ। विभागका अनुसार, सार्प इन्टरनेशनल एयरपोर्ट सर्भिसेज प्रालि काठमाडौँलाई रु तीन लाख बराबर जरिवाना गरेको छ। यस्तै, यमी क्याफे एण्ड वार एयरपोर्टलाई रु दुई लाख पाँच हजार बराबरको जरिवाना गरेको छ। उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम ती फर्मलाई कारवाही गरिएको विभागले जनाएको छ। यस्तै, होटल सोनिगः, कान्तिपुर क्याफे, क्लासिक मार्टस, होटल सोनिगः र प्रोएक्टिभ विजनेश सेन्टरलाई व्यवसायसँग सम्बन्धित कागजात लिएर उपसिस्थत हुन निर्देशन दिइएको छ।

त्यस्तै, विभिन्न ६ फर्मलाई भने सुधारात्मक निर्देशन दिएको छ। उपभोक्ता अधिकारकर्मी, सरोकारवालाको उपस्थितीमा विभागले नियमित रूपमा अनुगमन गर्दै आएको स्पष्ट पारेको छ।

# पूर्वमन्त्री विक्रम पाण्डे पक्राउ

काठमाडौं, १२ वैशाख। राप्रपाका वरिष्ठ नेता एवं पूर्वमन्त्री विक्रम पाण्डेलाई प्रहरीले पक्राउ गरेको छ। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को टोलीले हिजो पाण्डेलाई पक्राउ गरेको हो। पाण्डेमाथि सार्वजनिक खरिद अनुगमन कार्यालयको प्रणालीमा अनधिकृत पहुँच पुऱ्याई विभिन्न ठेक्काहरूका विवरण हेरफेर गरेको आरोप छ।

पाण्डेसँगै भीषण कन्ट्रक्सनका सञ्चालक टङ्ककुमार श्रेष्ठलाई पनि त्यही कसुरमा पक्राउ गरिएको सिआइबीले जनाएको छ।

दुवै जनामाथि सार्वजनिक खरिद अनुगमन कार्यालयको ठेक्काको आर्थिक प्रस्ताव खोल्नुभन्दा अगावै आर्थिक प्रस्तावको डकुमेन्ट परिवर्तन गर्ने कार्य गरेको उजुरी निवेदनका आधारमा साइबर ब्युरो भोटाहिटीमा विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा मुद्दा दर्ता भएको थियो। त्यही कसुरमा ब्युरोबाट खटिएको प्रहरी टोलीले पक्राउ गरी हाल परिवर्तन भएको सङ्गठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसुरमा पाण्डेमाथि थप अनुसन्धान भइरहेको सिआइबीले जनाएको छ।

सिआइबीका अनुसार यस मुद्दामा हालसम्म ९ जना शङ्कास्पद व्यक्तिहरूलाई पक्राउ गरी अनुसन्धान भइरहेको छ।

# थापाथलीका ६८ परिवार सरकारको सम्पर्कमा: वास्तविक सुकुम्बासीलाई नागार्जुन पठाइने



काठमाडौँ, १२ वैशाख। काठमाडौँ उपत्यकाका नदी किनारमा रहेका अनधिकृत बस्ती हटाउने अभियानअन्तर्गत थापाथली क्षेत्रको कार्य शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ। प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहका अनुसार स्थानीय बासिन्दाको सहयोग र समन्वयका कारण थापाथलीमा सौहार्दपूर्ण रूपमा बस्ती खाली गरिएको हो।

काठमाडौँ उपत्यका विकास प्राधिकरणको तथ्याङ्क अनुसार शान्तिनगरमा ४७६, गैरीगाउँमा १६२, थापाथलीमा १४३, गोठाटारमा ७७ र मनोहरा टोलमा १३ गरी कुल ८७१ अनधिकृत घरधुरी रहेका छन्। ती क्षेत्रमा बसोबास गरिरहेका नागरिकले सरकारको कदमलाई समर्थन गर्दै बस्ती छाड्न सहयोग पुऱ्याएको सल्लाहकार शाहले जानकारी दिनुभयो।

शनिबार थापाथलीबाट विस्थापित भएका ६८ परिवार सरकारी सम्पर्कमा आइसकेका छन् भने अन्य स्थानका बासिन्दा पनि सम्पर्कमा आउने क्रम जारी छ। सम्पर्कमा आएका परिवारलाई तत्कालका लागि दशरथ रङ्गशाला पुऱ्याई विवरण सङ्कलन गरिएको छ। उनीहरूलाई उचित व्यवस्थापन नहुन्जेल काठमाडौँका विभिन्न होटलमा राख्ने तयारी सरकारले गरेको छ।

होटलमा राखिएका परिवार वास्तविक सुकुम्बासी हुन् वा होइनन् भन्ने विषयमा आइतबारदेखि नै पहिचान तथा छानबिन प्रक्रिया सुरु गरिने सल्लाहकार शाहले बताउनुभयो। छानबिनका क्रममा वास्तविक सुकुम्बासी ठहरिएका परिवारलाई आगामी दुई साताभित्र नागार्जुन नगरपालिका वडा नम्बर १ मा रहेको सरकारी अपार्टमेन्टमा स्थानान्तरण गरिनेछ। त्यसलगत्तै उनीहरूको दीर्घकालीन व्यवस्थापनका लागि थप कार्य अघि बढाइने सरकारको योजना रहेको छ।

# महँगीले सप्तरीका विपन्नको जीवन कष्टकर



**सुधा देव**

सप्तरी, १२ वैशाख। शासन सत्ता फेरिए पनि सप्तरीका जनताको जीवनशैलीमा अपेक्षित परिवर्तन आएको छैन। विपन्नदेखि मध्यम वर्गका परिवारसम्मको जीवनयापन झन् कठिन बन्दै गएको छ। गरिबीको समस्या दिनप्रतिदिन गहिरिँदै गएको स्थानीयवासी बताउछन्। नयाँ सरकार आएपछि सहज जीवनयापन गर्न पाइएला भन्ने आशा बोकेका सप्तरीवासी अहिले महँगीको चपेटामा परेर समस्या भोग्न बाध्य भएका छन्। अहिले खाद्यान्न, पेट्रोलियम पदार्थ, लत्ताकपडा लगायतका वस्तुमा मूल्य वृद्धि भएपछि दैनिक खर्च धान्न कठिन भएको राजविराज नगरपालिका–१ रामटोलकी ६० वर्षीया पारो देवी रामले बताउनुभयो।

उहाँले भन्नुभयो, "हामी मुसहर समुदायले दिनदिनै मजदुरी गरेर जीविकोपार्जन गर्नुपर्ने बाध्यता छ। छ जनाको परिवारमा कमाउने एक जना मात्र भएकाले आम्दानी सीमित छ, खर्च धेरै छ। सरकार परिवर्तनसँगै बढेको महँगीका कारण परिवार धान्न पहिलेभन्दा अहिले झन् कठिन भएको छ।" पछिल्लो समयमा मूल्य वृद्धिले जनताको अवस्था झन् कठिन बनाएको सोही ठाउँकी कपुरी देवी रामले बताउनुभयो।

उहाँले भन्नुभयो, "आम्दानी एक पैसा पनि बढेको छैन तर महँगी भने अत्यधिक बढेको छ। कसरी परिवार चलाउने भन्ने अन्योलमा छु, कहिलेकाहीँ भोकै बस्नुपर्ने बाध्यता हुन्छ।"

विपन्न र निम्न वर्गका जनताले सहज रूपमा जीविकोपार्जन गर्न पाउने वातावरण बनाउन तथा बढ्दो महँगी नियन्त्रण गर्न सरकार जिम्मेवार हुनुपर्ने राजविराज–२ का बुद्धिजीवी पुरुषोत्तम देवले बताउनुभयो। उहाँका अनुसार, मूल्य वृद्धिका कारण सर्वसाधारणले सास्ती भोगिरहेका बेला सीमा नाकामा कडाइ गरिँदा सस्तो सामान खरिद गर्ने विकल्प पनि बन्द भएको छ, जसले आर्थिक अवस्था कमजोर भएका परिवारलाई झन् समस्या थपेको छ।

# ५३ वर्षदेखि अतिक्रमित सडकका संरचना हटाइयो

विजयकुमार साह

ढल्केबर, १२ वैशाख। धनुषाको मिथिला नगरपालिका–६, ढल्केबर चोकस्थित करिब ५३ वर्षदेखि अतिक्रमणमा परेको सार्वजनिक सडक अन्ततः खाली गराइएको छ। मिथिला नगरपालिकाले पूर्व सूचना जारी गर्दै शनिबार सो क्षेत्रमा निर्माण गरिएका पक्की भवन, घरटहरा तथा पसलहरू हटाएको हो। नगरपालिकाका अनुसार उक्त सडक क्षेत्रमा करिब २५ देखि ३० जनाले लामो समयदेखि बसोवास तथा व्यवसाय सञ्चालन गर्दै आएका थिए। सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका ती संरचना हटाएसँगै सो सडक पुनः खुला गरिने छ। स्थानीयका अनुसार विसं २०२६ सालमा पूर्वपश्चिम महेन्द्र राजमार्ग निर्माणका क्रममा उक्त सडकको उपयोग गरिएको थियो। तर विसं २०३० सालतिर सो स्थानबाट दक्षिणतर्फ नयाँ सडक खुलेपछि पुरानो मार्गबाट आवतजावत बन्द भएको थियो। त्यसपछि केही स्थानीयले क्रमशः सो सडक क्षेत्रमा घरटहरा निर्माण गरी बसोवास र व्यवसाय सञ्चालन गर्न थालेका थिए। उहाँले भन्नुभयो, 'सरकारको निर्देशन अनुसार साविकको सडक क्षेत्र खाली गराइएको हो।' सडकको मापदण्ड कायम गरी आवागमनलाई सहज बनाउने नगर प्रमुख महतोको भनाइ छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)